# चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल


चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

प.सं.: ०७९।०८० | फोन नं. ०१-४३१५७६६
च.नं.: ३४ | मिति : २०७९।०४।०५

विषयः- विद्यालय दिवा खाजा सम्बन्धमा ।

श्री सामुदायिक विद्यालय सबै
चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नं.१६१ मा स्थानीय उत्पादनको उपभोगलाई प्राथमिकता दिई दिवा खाजा कार्यक्रमलाई क्रमशः कक्षा ८ सम्म विस्तार गर्ने लक्ष्यका साथ यस आर्थिक वर्षमा कक्षा ६ सम्म विस्तार गर्ने उल्लेख भई सकेकोले विद्यालय दिवा खाजा सम्बन्धमा तपसिल अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल :

१. विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिन प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकाहरुलाई खाजा खुवाउने ।
२. दिवा खाजा सम्बन्धी अन्य विस्तृत जानकारीका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट cehrd.gov.np मा रहेको दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अध्ययन गर्ने ।
३. दिवा खाजाको रकम माग फारामको ढाँचामा प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको दैनिक हाजिरी विवरण प्रमाणित गरी त्रैमासिक रुपमा रकम माग गर्ने ।
४. विद्यालयमा दैनिक खुवाइएको खाजाको मेनुगत र विद्यार्थीगत अभिलेख रजिष्टर तयार गरी दैनिक अध्यावधिक गरेर राख्ने ।
५. दिवा खाजाको दैनिक मेनु व्यवस्थापन गत आर्थिक वर्ष कै कार्यान्वयन गर्ने ।
६. विद्यालय व्यवस्थापन समितिले दिवा खाजाको गुणस्तर र व्यवस्थापनको नियमित अनुगमन गरी सोको अभिलेख राख्ने ।

**बोधार्थः**
श्री सञ्चार तथा सूचना प्रविधि शाखा : सूचना वेभसाइटमा अपलोड गरिदिनु हुन ।

कर्ण बहादुर भुवाजी
अधिकृत दशौं